# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरिनगरा, सुनसरी
प्रदेश नं. १, नेपाल


प.स.:- २०७९/०८०
च.न.:- ११५

मितिः- २०७९/०४/१६

बिषयः- सूचना टाँस सम्बन्धमा ।

श्री हरिनगर गा.पा.
सबै वडा कार्यालयहरु

प्रस्तुत विषयमा आगामी आ.व. २०७९/०८० को लागि आन्तरिक आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी यस कार्यालयबाट मिति २०७९/०४/१६ गते तेश्रो पटक प्रकाशित सूचना पाना १ यसै साथ संलग्न छ उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी टाँस भएको जानकारी यस कार्यालयमा पठाई दिन हुन अनुरोध छ ।

०८१/४/१६

प्रमुख प्रशासकीय अधिकृत

हरिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी
प्रदेश नं. १, नेपाल


## आन्तरिक आय संकलन ठेक्का सम्बन्धि सार्वजनिक बढाबढको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०४/१६

हरिनगर गाउँपालिकाको आन्तरिक आय बन्दोवस्त गर्न गाउँपालिकावाट स्विकृत दर रेटमा आ.व. २०७९/०८० वर्ष १ (एक) को लागि तपशिल बमोजिम ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीवाट देहायका शर्तहरुको अधिनमा रहि सार्वजनिक बढाबढमा भाग लिन यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरु :

१. यो सूचना तेस्रो पटक प्रकाशन भएको मितिले ७ औं दिन मिति २०७९/०४/२२ गते दिनको १२:०० वजे हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय हरिनगरा, सुनसरीमा सार्वजनिक बढाबढ हुनेछ।

२. डाक बढाबढमा भाग लिने व्यक्तिले ना.प्र.प.को प्रतिलिपि तथा PAN दर्ता प्रमाण पत्र, फर्म वा कम्पनीले फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट पान/भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी आ.व. २०७७/०७८ को आयकर चुक्ता प्रमाण पत्र समेत बढाबढको समयमै पेश गर्नु पर्नेछ।

३. डाक बढाबढमा भाग लिने व्यक्तिले वा निजको प्रतिनिधिले आफुले कबोल गरेको अङ्क रकम नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशतले हुन आउने धरौटी रकम तत्कालै सोही बखत नगदै अथवा यस कार्यालयको हरिनगरा स्थित कृषि विकास बैंकको हि.नं.०६०२४०१३१११७१०४१ खातामा जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयका नाममा मान्यता प्राप्त बाणिज्य बैंकवाट जारि गरिएको १२ महिना म्याद भएको जमानीपत्रको सक्कल प्रति संलग्न राख्नु पर्नेछ।

४. ठेक्का बढाबढ स्विकृत भएको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको रकम अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर १३ प्रतिशत सहित एकमुष्ट रकम बुझाई सम्झौता गरिसक्नु पर्नेछ कबोल रकम एकमुष्ठ बुझाउँदा सो रकममा १० (दश) प्रतिशत छुट दिइनेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाईनेछ ।

५. ठेक्का अवधि २०७९ साल श्रावण १ गते देखि २०८० साल आषाढ मसान्त सम्म रहनेछ।

६. असुली गर्नु पर्ने करको दररेट हरिनगर गा.पा.को आर्थिक ऐन, २०७९ मा उल्लेख भए बमोजिम हुनेछ।

७. यो सुचना बमोजिम बढाबढ स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ।

८. कर असुली गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई कर असुली गर्नुपर्ने छ र कर असुली सम्बन्धी सूचना पाटी ठेकेदार आफैले राख्नु पर्नेछ।

९. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर संकलन गर्न पाईने छैन। राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

१०. धरौटी वापत जम्मा गरिएको रकम ठेक्का रकममा समायोजन हुने छैन।

११. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नु पर्ने आयकर, दस्तुर वा रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ।

१२. कुनै ठेक्काको कर उठाउन नेपाल सरकार, प्रदेश सरकारबाट रोक लगाएमा सोही बमोजिम हुने छ।

१३. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन र नियम बमोजिम हुनेछ।

१४. प्रस्ताव सम्बन्धि केहि कुरा वुझ्नु परेमा कार्यालय समय भित्र गाउँ कार्यपालिका कार्यालयको राजश्व इकाईमा सम्पर्क राखी बुझ्न सकिने छ।

### तपशिल

| सि.न. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम ठेक अंक(मु.अ.कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | हरिनगर/राजस्व/०४/०७८/०७९ | घुम्ती व्यवसाय कर | ७,५०,०००।०० (सात लाख पचास हजार मात्र) | |